कार्यपालिकाबाट स्वीकृत मिति : २०८२ । ०८ । २३
प्रमाणीकरण मिति : २०८२ । ०८ । २३

झापा राजपत्र

झापा गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या-०१

**झापा राजपत्र**

**भाग-२**

# झापा गाउँपालिकाका सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना :** झापा गाउँपलिकाको शिक्षा ऐन २०८० को दफा ५५ को व्यवस्था कार्यान्वयन गर्न ऐनको दफा १११ ले दिएको अधिकार प्रयोग गरी झापा गाउँ कार्यपालिकाले झापा गाउँपालिकाका सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि २०८२ स्वीकृत गरि लागु गरेको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्याविधिको नाम "**झापा गाउँपालिकाका सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्याविधि २०८२**" रहेको छ ।

२) यो कार्यविधि झापा गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा लागू हुनेछ ।

३) यो कार्यावधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "स्थानीय शिक्षा ऐन" भन्नाले झापा गाउँपालिकाको शिक्षा ऐन २०८० सम्झनुपर्छ ।

ख) "कार्यपालिका" भन्नाले झापा गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

ग) "प्रमुख" भन्नाले झापा गाउँपालिकाको अध्यक्ष वा अध्यक्षको कार्य गर्ने जिम्मेवारी प्राप्त व्यक्ति सम्झनुपर्छ ।

घ) "कार्यालय प्रमुख" भन्नाले झापा गाउँपालिका गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ङ ) "कार्यालय" भन्नाले झापा गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

च) "शिक्षा समिति" भन्नाले झापा गाउँपालिकाको शिक्षा समितिलाई सम्झनुपर्छ ।

छ) "व्यवस्थापन समिति" भन्नाले झापा गाउँपालिकाको शिक्षा ऐन २०८० को दफा २५ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

ज) "शिक्षा अधिकारी" भन्नाले झापा गाउँपालिकाको शिक्षा शाखा प्रमुख वा सो शाखाको प्रमुखका रुपमा कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

झ) "**छनोट समिति**" भन्नाले स्थानीय शिक्षा ऐनको दफा ५५ को २ बमोजिम गठन भएको समितिलाई सम्झनुपर्छ ।

ञ) "प्रधानाध्यापक" भन्नाले यसै कार्यविधि अनुसार नियुक्त भएको शिक्षकलाई सम्झनुपर्नेछ । सो शव्दले विद्यालयमा प्रधानाध्यापक रिक्त रहेको अवस्थामा निजको कार्य गर्ने जिम्मेवारी प्राप्त निमित्त प्रधानाध्यापक वा सो कार्य गर्ने शिक्षक समेतलाई बुझाउने छ ।

**३. सूचना प्रकाशन गर्ने**

१) विद्यालयले यस कार्यविधि लागु भए पश्चात् रिक्त प्रधानाध्यापक पदमा प्रधानाध्यापक नियुक्तिका लागि कार्यालयको निर्देशन प्राप्त भएको ७ दिनभित्रमा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गरी सूचना प्रकाशन गर्नु पर्नेछ ।

२) कुनै विद्यालयमा कार्यरत प्रधानाध्यापकको अवकास हुने भए निजको अवकास हुनु भन्दा दुई महिना अघि नै कार्यालयको सहमतिमा सूचना प्रकाशन गर्नुपर्नेछ । तर कुनै अप्रत्यासित कारणबाट प्रधानाध्यापक पद रिक्त हुन गएमा छिटो प्रक्रियाबाट सूचना प्रकाशन गर्न बाधा पर्ने छैन ।

३) दरखास्त बुझाउने अवधि कम्तिमा १५ दिनको हुनु पर्नेछ ।

४) व्यवस्थापन समितिले सूचना प्रकाशनको निर्णय गर्दा देहायका स्थानमा अनिवार्य रुपमा सूचना टाँस गर्नुपर्नेछ ।

क) सम्बन्धित विद्यालयको सूचना पार्टी

ख) सम्बन्धित वडा कार्यालय

ग) गाउँ कार्यपालिकाको कार्यालय

५) यसरी सूचना प्रकाशन गर्दा निवेदकको योग्यता खुलाउनु पर्नेछ ।

६) निवेदन पेश गर्ने अन्तिम मिति समाप्त भएको दुई दिनभित्र निवेदनसँग सम्लग्न सबै कागजात **छनोट समिति** समक्ष पेश गर्नुपर्नेछ ।

७) प्रधानाध्यापक नियुक्तिको लागि प्रथम पटकको सूचना सम्बन्धित विद्यालयका सम्बन्धित तहका योग्यता पुगेका शिक्षकका लागि मात्र हुनेछ । यस बमोजिम प्रधानाध्यापक नियुक्ति हुन नसकेमा दफा १३ बमोजिमको नियुक्तिका लागि समितिले पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

८) कुनै कारणले प्रधानाध्यापकको पद रिक्त रहेको अवस्थामा विद्यालयमा व्यवस्थापन समिति समेत नरहेको भए अथवा समितिले तोकिएको समयभित्र सूचना प्रकाशन गर्न नसके वा तोकिएको समयभित्र सूचना प्रकाशन गर्न इन्कार गरेमा तोकिएको समय समाप्त भएपछि कार्यपालिकाको निर्णयअनुसार प्रधानाध्यापक वा निमित्त प्रधानाध्यापक नियुक्ति सम्बन्धिका सम्पूर्ण प्रक्रियाहरु कार्यालय स्वयम्ले गर्नेछ ।

४. **निवेदन पेश गर्नुपर्ने** : दफा ३ को सूचना बमोजिम प्रधानाध्यापक नियुक्तिका लागि निवेदन पेश गर्दा देहायका कागजात पेश गर्नुपर्नेछ :

क) दस्तखत सहितको लिखित निवेदन

ख) शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रका प्रमाणित प्रतिलिपि

घ) नेपाली नागरिकता तथा राष्ट्रिय परिचय पत्रको प्रमाणित प्रतिलिपि

ङ) सम्बन्धित तहको शिक्षक पदमा नियुक्ति भएको नियुक्ति पत्रको प्रतिलिपि

च) सम्बन्धित कार्य अनुभव भए सोको प्रमाण पत्र

छ) शिलवन्दी लाहाछाप सहित अनुसूची १ को ढाँचामा विद्यालय विकास सम्बन्धी प्रस्तावना

**५. प्रधानाध्यापकको योग्यता**

१ स्थानीय शिक्षा ऐनको दफा ५५ को उपदफा ४ बमोजिमको योग्यता

२. जुन तहको प्रधानाध्यापकको पदपूर्ति गरिने हो सोहि तहमा नियुक्ति भइ कार्यरत रहेको

३.उच्च नैतिक चरित्र भएको

४. सम्बन्धित विद्यालयमा कार्यरत रहेको

**६. प्रधानाध्यापकका रुपमा सिफारिस हुन नसक्ने**

देहायका शिक्षकहरुलाई प्रधानाध्यापकका रुपमा सिफारिस गरिने छैन

क) दफा ५ बमोजिमको योग्यता नपुगेको

ख) छनोट समितिले मूल्याङ्कन गर्दा न्युनतम ६० अङ्क प्राप्त नगरेको

ग) असाध्य रोग लागेको प्रमाणित भएको

घ) सिफारिस गर्दाका बखत मानसिक सन्तुलन ठीक नभएको

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतमा मुद्दा विचाराधिन रहेको

च) सरकारी सम्पत्ति दुरुपयोग सम्बन्धमा छानविन प्रक्रियामा रहेको

छ) निजलाई प्रदान गरिएको पूर्व जिम्मेवारी नियम संगत रुपमा पुरा नगरेको

ज) विभागीय सजायको प्रक्रियामा रहेको

झ) निरन्तर रुपमा दुई कार्यकालसम्म प्रधानाध्यापक भइ सकेको

ञ) सम्बन्धित तहमा नियुक्ति पाइ परीक्षणकाल समाप्त नभएको

**७. छनोट समिति गठन**

समितिले यस कार्याविधि बमोजिम प्रधानाध्यापकको मूल्याङ्कन गरी छनोट तथा सिफारिस गर्न स्थानीय शिक्षा ऐनको दफा ५५ को उपदफा २ बमोजिम एक छनोट समिति गठन गर्नुपर्नेछ।

**८. छनोट समितिको काम कर्तव्य र अधिकार**

क) दफा ४ बमोजिम प्राप्त निवेदन तथा कागजातको छानविन गर्ने

ख) प्राप्त विद्यालय विकास प्रस्तावनालाई अनुसूची २ बमोजिमका आधार तथा परिधिमा रही मूल्याङ्कन गर्ने।

ग) यस कार्याविधिले निर्धारण गरेको मूल्याङ्कन ढाँचा अनुरुप प्रत्येक निवेदनको कुल प्राप्ताङ्क तालिका तयार गरी सबैभन्दा बढी प्राप्ताङ्क भएका निवेदनलाई प्रधानाध्यापक नियुक्तिका लागि समिति समक्ष सिफारिस गर्ने।

घ) यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म तीनजनाको नाम सिफारिस गर्ने

ङ) छनोट समितिका अन्य काम कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुने

**९ प्रधानाध्यापकको नियुक्ति**

१) दफा ८ बमोजिम प्राप्त सिफारिसको पहिलो क्रममा सिफारिस हुने शिक्षकलाई सिफारिस भएको मितिले ३ दिनभित्र गाउँ शिक्षा समितिले प्रधानाध्यापकको नियुक्तिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नुपर्नेछ। यसरी सिफारिस भइ आएका शिक्षकलाई प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नुपर्नेछ।

२) यसरी सिफारिस हुने पहिलो क्रममा एकभन्दा बढी निवेदनको समान अंक भएमा समितिले उपयुक्त ठहर गरेको शिक्षकलाई प्रधानाध्यापकका रुपमा नियुक्ति गर्नुपर्नेछ।

३) यसरी नियुक्ति भएको प्रधानाध्यापकको कार्यकाल ५ वर्षको हुनेछ। समितिले निजको कार्यकाल उपर्युक्त भएको ठहर गरेमा र सोही व्यहोरा कार्यालयलाई सिफारिस गरेमा कार्यालयले थप एक कार्यकालका लागि निजलाई पुनः नियुक्ति गर्न सक्नेछ।

४) प्रधानाध्यापकको नियुक्ति गरेपछि सोको लिखित जानकारी शिक्षा शाखा र समितिलाई दिनुपर्नेछ।

**१०. अभिलेख राख्नुपर्ने**

१) दफा ४ बमोजिम प्राप्त निवेदन प्राप्त भएपछि विद्यालयले विद्यालयमा छुट्टै दर्ता किताव खडा गरी अभिलेख राख्नुपर्नेछ र सोको प्रमाणित निस्सा सम्बन्धित निवेदकलाई दिनुपर्नेछ ।

२) निवेदन पेश गर्ने अन्तिम दिनको कार्यालय समय समाप्त भएपश्चात् दर्ता पुस्तक बन्द गरी प्रधानाध्यापकले प्रमाणित गर्नु पर्नेछ ।

३) कार्यालयबाट प्रधानाध्यापक नियुक्ति भएको जानकारी प्राप्त भएपश्चात् शिक्षा शाखाले सोको अभिलेख कायम गरी राख्नुपर्नेछ ।

**११. प्रधानाध्यापकको काम कर्तव्य र अधिकार :**

विद्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ । प्रधानाध्यापकका काम कर्तव्य र अधिकार प्रचलित कानुनमा उल्लेख भए बमोजिम तथा स्थानीय शिक्षा ऐन २०८० को दफा ५६ बमोजिम हुनेछ ।

**१२ प्रधानाध्यापक बर्खास्त सम्बन्धी व्यवस्था :**

अन्यत्र व्यवस्था भएकोमा बाहेक सामुदायिक विद्यालयको प्रधानाध्यापक देहायको अवस्थामा बर्खास्त हुनेछः

क) प्रधानाध्यापकको कार्य सन्तोषजनक नभएमा

ख) निजको आचरण खराब रहेको सम्बन्धमा व्यवस्थापन समिति विश्वस्त भइ सोको प्रमाण गाउँपालिकामा पेश गरेमा

ग) प्रधानाध्यापकको रुपमा नियुक्ति हुन पेस गरेको विद्यालय विकास प्रस्तावना बमोजिम काम नगरेमा

घ) प्रधानाध्यापकले कार्यालयबाट दिइएको निर्देशनको अवज्ञा गरेमा ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन । तोकिएको अवधि भित्र सफाइ पेस नगरेमा वा पेस गरेको सफाइ सन्तोषजनक नभएमा त्यस्तो प्रधानाध्यापकलाई पदबाट हटाउन सकिनेछ ।

**१३. निमित्त प्रधानाध्यापक नियुक्ति सम्बन्धि व्यवस्था :**

१) यसै कार्यविधिको दफा ३ बमोजिम प्रधानाध्यापकको सूचना प्रकाशन गर्दा उपदफा ७ को प्रथम खण्ड अनुसार प्रधानाध्यापक छनोट हुन नसकेमा समितिले सोको व्यहोरा गाउँ कार्यपालिका समक्ष लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

२) गाउँ कार्यपालिकाले उक्त जानकारी पाए पश्चात् निमित्त प्रधानाध्यापक नियुक्ति सम्बन्धमा निर्णय गरि सोको जानकारी समितिलाई दिनुपर्नेछ ।

३) गाउँ कार्यपालिकाबाट प्राप्त निर्णयको आधारमा समितिले निमित्त प्रधानाध्यापक नियुक्तिका लागि सात दिनको सूचना प्रकाशन गर्नु पर्नेछ ।

४) यसरी प्रकाशन भएको सूचनामा सोही विद्यालयमा कार्यरत जुनसुकै स्थायी शिक्षकहरुले निमित्त प्रधानाध्यापकका लागि निवेदन पेश गर्न सक्नेछन ।

५) यसरी प्राप्त निवेदनहरु मध्ये सोही विद्यालयमा कार्यरत वरिष्ठ स्थायी शिक्षकलाई कार्यालय प्रमुखले अर्को व्यवस्था नभएसम्मका लागि निमित्त प्रधानाध्यापकका रुपमा नियुक्त गर्नुपर्नेछ ।

५) यस दफा बमोजिम निमित्त प्रधानाध्यापक नियुक्ति गर्दा नीजको योग्यता र अयोग्यता सम्बन्धमा यसै कार्यविधिको दफा ६ को क, ख र ञ बाहेक  अन्य व्यवस्था माथि उल्लेख भए बमोजिम नै हुनेछ ।

**१४. निमित्त प्रधानाध्यापक नियुक्ति सम्बन्धि विशेष व्यवस्था**

१) कुनै विद्यालयमा निमित्त प्रधानाध्यापकको नियुक्ति यस कार्यविधिको दफा १३ बमोजिम पनि हुन नसकेमा निमित्त प्रधानाध्यापक नियुक्ति सम्बन्धी प्रक्रिया समाप्त भएको तीन दिनभित्र समितिले सोको लिखित जानकारी गाउँ कार्यपालिकालाई गराउनु पर्नेछ ।

२) कार्यपालिकाले यसरी जानकारी प्राप्त गरे पश्चात् सम्बन्धित विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुमध्येबाट एकजनालाई निमित्त प्रधानाध्यापकका रुपमा नियुक्तिका लागि निर्णय गर्नेछ ।

तर यसरी सिफारिस गर्दा दफा ६ को क , ख र ञ बाहेक अन्य व्यवस्थामा अयोग्य भएका शिक्षकलाई सिफारिस गर्न सकिने छैन ।

३) यसरी कार्यपालिकाबाट निर्णय भइ आएको शिक्षकलाई कार्यालय प्रमुखले ३ दिनभित्र निमित्त प्रधानाध्यापकका रुपमा नियुक्ति गर्नुपर्नेछ ।

४) यस दफा बमोजिम नियुक्त निमित्त प्रधानाध्यापकले मनासिव कारणबिना तोकिएको जिम्मेवारीबाट पन्छिन पाइने छैन ।

**१५. विविध :**

१) यस कार्याविधिमा उल्लेख नभएका विषय स्थानीय शिक्षा ऐन तथा अन्य प्रचलित ऐन बमोजिम हुनेछन् ।

२) यस कार्यविधि कार्यान्वयनमा कुनै विवाद वा बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूची १

## कार्यविधिको दफा ४ को छ सँग सम्बन्धित

### प्रधानाध्यापकले तयार गर्ने विद्यालय विकास प्रस्तावनाको ढाँचा

**क) पृष्ठभूमी**

**ख) दुरदृष्टि**

**ग) विद्यालयको वर्तमान अवस्थाको विश्लेषण** (सूचक सहित)

**१. शैक्षिक अवस्था**

अ) विद्यार्थी विवरण

आ) शिक्षक विवरण

इ) शैक्षिक उपलब्धीको अवस्था (विगत दुई वर्षको कक्षा ५, ८, १० र १२ को नतिजा)

ई) पठन पाठनको अवस्था

उ) विद्यालयका अतिरिक्त क्रियाकलाप र उपलब्धीको अवस्था

**२. आर्थिक अवस्था**

अ) नेपाल सरकारबाट प्राप्त स्रोत

आ) स्थानीय तहबाट प्राप्त स्रोत

इ) विद्यालयको आन्तरिक स्रोत

इ) अन्य स्रोत

**३. भौतिक अवस्था**

अ) विद्यालय भवन

आ) फर्निचर

इ) खानेपानी

ई) विद्यालयको जग्गा जमिन तथा अन्य सम्पत्तिको अवस्था

**४. व्यवस्थापकीय तथा अन्य अवस्था**

अ) विद्यालय व्यवस्थापन समिति

आ) शिक्षक अभिभावक संघ

इ) अभिभावक भेला

ई) समुदायको सक्रियता र सहयोग

उ) विद्यालयको वातावरण र सरसफाई

घ) प्रस्तावित विद्यालय विकास योजना (रणनिती र कार्यनिती सहित)

१. शैक्षिक अवस्था

२. आर्थिक अवस्था

३. भौतिक अवस्था

४. व्यवस्थापकीय तथा अन्य अवस्था (संस्थागत क्षमता विकास समेत)

ङ) विद्यालयले हासिल गर्नु पर्ने अपेक्षित उपलब्धि सार संक्षेपः

च) वर्तमान अवस्था र अपेक्षित उपलब्धि सार संक्षेप

१.मुख्य समस्याहरुको पहिचान

अ) मुख्य समस्याहरु

आ) समस्याको प्राथमिकीकरण

२ समस्याको कारण विश्लेषण

३ समाधानका उपायहरु

४. अपेक्षित उपलब्धी सूचकगत अन्तर

छ) अपेक्षित उपलब्धि हासिल गर्ने आवश्यक स्रोत व्यवस्थापन योजना

ज) वार्षिक कार्यान्वयन कार्ययोजना

# अनुसूची २

## कार्यविधिको दफा ८ को ख सँग सम्बन्धित

<u>छनोट समितिले मूल्याङ्कन गर्ने आधार र अङ्क विभाजन</u>

| क्र.स. | छनौटका आधार | अङ्कभार (पूर्णाङ्क) | अङ्कको विस्तृतीकरण |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | ७ | **क) आवश्यक न्युनतम योग्यता वापत**<br>अ) प्रथम श्रेणी भए ५ अङ्क<br>आ) द्धितीय श्रेणी भए ३ अङ्क<br>इ) तृतीय श्रेणी भए २ अङ्क<br>**ख) माथिल्लो योग्यता वापत**<br>अ) प्रथम श्रेणी भए २ अङ्क<br>आ) द्धितीय श्रेणी भए १ अङ्क |
| २ | जेष्ठता | ७ | सम्बन्धित तहमा स्थायी सेवा अवधिका लागि वर्षको १ अङ्कका दरले<br>सम्बन्धित तहमा अस्थायी सेवा अवधिका लागि वर्षको ०.५ अङ्कका दरले |
| ३ | कार्यरत तहको वरिष्ठता | ५ | कार्यरत तहमा<br>अ) प्रथम श्रेणी भए ५ अङ्क<br>आ) द्धितीय श्रेणी भए ३ अङ्क<br>इ) तृतीय श्रेणी भए २ अङ्क |
| ४ | तालिम | ५ | **क) प्रधानाध्यापक तालिम वापत ३ अङ्क**<br>अ) प्रथम श्रेणी भए ३ अङ्क<br>आ) द्धितीय श्रेणी भए २ अङ्क<br>इ) तृतीय श्रेणी भए १ अङ्क<br>**ख) शिक्षकको पेशागत विकास तालिम वापत २ अङ्क**<br>अ) प्रथम श्रेणी भए २ अङ्क<br>आ) द्धितीय श्रेणी भए १ अङ्क |
| ५ | कार्यसम्पादन मूल्याङ्कन | १० | आफुले अध्यापन गरेको विषयको पछिल्लो तीन वर्षको विद्यार्थीले प्राप्त गरेको औसत सिकाइ उपलब्धी र गाउँपालिका भरिको सम्बन्धित विषयको सोही अवधिको औषत सिकाइ उपलब्धीको आधारमा<br>क) १००% वा सो भन्दा बढी भए १० अङ्क<br>ख) ९०% देखि ९९% सम्म भए ८ अङ्क<br>ग) ८०% देखि ८९% सम्म भए ६ अङ्क<br>घ) ७०% देखि ७९% सम्म भए ५ अङ्क |

| | | | |
|---|---|---|---|
| | | | ङ) ६०% देखि ६९% सम्म भए ४ अङ्क<br>च) ६०% भन्दा कम भए २ अङ्क |
| ६ | विद्यालय विकास प्रस्ताव र प्रस्तुतिकरण | २५ | क) विद्यालय विकास प्रस्तावना लेखन वापत १५ अङ्क<br>ख) प्रस्तुतिकरण वापत १० अङ्क<br>माथि उल्लेखित क) र ख) दुवैमा ७५ % भन्दा बढी र ४०% भन्दा कम भए पुष्टि गर्नुपर्नेछ । |
| ७ | अनुभव | ५ | प्रधानाध्यापक वा निमित्त प्रधानाध्यापकका रुपमा कार्य गरेको भए वर्षको १ अङ्कका दरले |
| ८ | सूचना प्रविधिको ज्ञान | १० | a) complete knowledge of word, excel, powerpoint and iemis (with certificate) – 10 marks<br>b) Partial knowledge of word, excel, powerpoint and iemis – 5 marks |
| ९ | लेखा सम्बन्धि ज्ञान | ८ | क) विद्यालय लेखा सम्बन्धी तालिम प्राप्त भए (विद्यालय लेखा प्रणाली, दोहोरो स्रेस्ता प्रणाली, जिन्सी व्यवस्थापन) ८ अङ्क<br>ख) विद्यालय लेखा सम्बन्धी सामान्य ज्ञान र सीप भए |
| १० | कार्यरत विद्यालय | १० | सम्बन्धित विद्यालयमा कार्य गरेको वर्षको १ अङ्कका दरले |
| ११ | समन्वय तथा नेतृत्व क्षमता | ८ | छनोट समितिको मूल्याङ्कनका आधारमा |
| | जम्मा | १०० | |

**आज्ञाले**
**जनार्दन निरौला**
**प्रमुख प्रशासकीय अधिकृत**